नेपाल सरकार

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

(आर्थिक प्रशासन शाखा)

फोन नं.
४२०००००
४२००४६०
४२००२८७
सिंहदरबार,काठमाडौं

प.सं. २०७२/०७३
च.न १.१.३/(१८)

मिति :- २०७२।०४।११

विषय :- **लेखापरीक्षण नीति एवं कार्यक्रम २०७२।७३ सम्वन्धमा ।**

श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग,
श्री केन्द्रीय पंजीकरण विभाग,
श्री जिल्ला विकास समितिको कार्यालय, सवै ।
श्री जिल्ला प्राविधिक कार्यालय, सवै ।
श्री आयोजना/कार्यक्रमहरु, सवै ।
श्री समिति/आयोग/प्रतिष्ठानहरु, सवै ।

प्रस्तुत विषय श्री महालेखा परीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण नीति एवं कार्यक्रम २०७२।७३ को बारेमा सवै मन्त्रालय/निकायलाई जानकारी गराईसकेको सन्दर्भमा बेरुजु कम हुने गरी र आर्थिक अनुशासन पालनाको सुनिश्चितता गरी कार्यान्वयनमा संलग्न जिम्मेवार पदाधिकारीहरुले ध्यान दिनु पर्ने हुन्छ । म.ले.प.को कार्यालयवाट जानकारी भए अनुसार २०७२ साल श्रावणको चौथो हप्ता देखि ४३ जिल्लाहरुमा एउटै टोलीवाट स्थलगत लेखापरीक्षण र सम्परीक्षण हुने तथा २९ जिल्लाहरुमा महाशाखा वा महानिर्देशनालयगत लेखापरीक्षण टोलीवाट स्थलगत लेखापरीक्षण र सम्परीक्षण गरिने र उपत्यकाका कार्यालयहरुमा २०७२ पौष र माघमा लेखापरीक्षण गरिने हुँदा लेखापरीक्षण टोली आउने समयमा स्थानीय विकास अधिकारी, जिल्ला इन्जिनियर, लेखा प्रमुख र अन्य आवश्यक कर्मचारीहरु अनिवार्य रुपमा कार्यालयमा रही लेखापरीक्षण टोलीलाई श्रेस्ता प्रमाणहरु सहित प्रमाणित आर्थिक विवरणहरु प्रस्तुत गर्नुहुन अनुरोध छ । सो समयमा कार्यालय प्रमुख लगायत कुनै पनि जिम्मेवार पदाधिकारी कार्यक्षेत्रमा नै अनिवार्य रुपमा रहनु हुने समेत आदेशानुसार अनुरोध छ ।

(**नोट** :- लेखापरीक्षण कार्यतालिका म.ले.प.को कार्यालयवाट उपलव्ध भए अनुसार हुनेछ । )

(**एउटै टोलीवाट स्थलगत ले.प. हुने ४३ जिल्लाहरु** :- वाग्लुङ, पाँचथर, वैतडी, डडेलधुरा, प्युठान, ताप्लेजुङ, दैलेख, सल्यान, रुकुम, अर्घाखाची, जाजरकोट, अछाम, संखुवासभा, पर्वत, वझाङ, खोटाङ, सोलुखुम्बु, गुल्मी, भोजपुर, स्याङजा, दार्चुला, मुगु, रोल्पा, लमजुङ, म्याग्दी, कालिकोट, हुम्ला, मुस्ताङ, बाजुरा, तेह्रथुम, डोल्पा, मनाङ, मकवानपुर, गोरखा, नुवाकोट, ओखलढुङगा, काभ्रेपलान्चोक, रामेछाप, सिन्धुली, दोलखा, धादिङ, सिन्धुपाल्चोक, रसुवा)

सुवास चन्द्र शिवाकोटी
उपसचिव (लेखा)

**बोधार्थ**

श्री महालेखा परीक्षकको कार्यालय
स्थानीय विकास निर्देशनालय, बबरमहल ।
श्री सूचना तथा विद्युतीय शासन शाखा :- Website मा राखिदिनु हुन ।